REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 28.10.2024

Bye Election Update

नाम्ची अनि सोरेङ जिल्लाका दुईवटा निर्वाचन क्षेत्रका सिटिजन एक्सन पार्टी, सिक्किमका दुवैजना उम्मेदवारको नामाङ्कन आज रद्द गरिएको छ। नामाङ्कन रद्द भएका उम्मेदवारहरूमा नाम्ची सिङ्गीथाङ समष्टिबाट श्री महेश राई अनि सोरेङ-च्याखुङ समष्टिबाट श्री पोबिनहाङ सुब्बा रहेका छन्। यी दुईवटा निर्वाचन क्षेत्रमा हुन गइरहेको उपचुनाउका निम्ति आज नामाङ्कन जाँच प्रक्रिया शुरू भएको हो। दुवै निर्वाचन क्षेत्रमा उम्मेदवारहरूको नामाङ्कन जाँच प्रक्रिया सम्बन्धित निर्वाचन अधिकारीको उपस्थितिमा गरियो।

यता नाम्ची-सिङ्गीथाङका निम्ति सिक्किम क्रातिकारी मोर्चा र सिक्किम प्रजातान्त्रिक मोर्चा सहित तीनजना उम्मेदवारले नामाङ्कन बुझाएका थिए। यस समष्टिबाट अब एसकेएमका सतिसचन्द्र राई र एसडीएफका दानियल राई चुनावी मैदानमा छन्।

अर्कातिर, सोरेङ-च्याखुङ निर्वाचन क्षेत्रका निम्ति पनि एसकेएम र एसडीएफसहित तीनजनाले आफ्नो नामाङ्कन बुझाएका थिए भने अब यहाँबाट श्री आदित्य गोले र श्री प्रेमकुमार भण्डारीले चुनाउ लड्नेछन्।

अवगत गराइन्छ, उम्मेदवारहरूले यसै महिनाको तीस तारिकसम्ममा आफ्नो नामाङ्कन फिर्ता लिन सक्नेछन्।

--------------------------------------X--------------------------------------

FCI Grievance Portal

उपभोकता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्री श्री प्रल्हाद जोशीले किसानहरूलाई आश्वासन दिँदै भन्नुभयो, सरकार चामल मिल मालिकहरूबाट सबै उत्पाद किन्नमा प्रतिबद्ध छ। उहाँले आज नयाँ दिल्लीमा भारतीय खाद्य निगम गुनासो निवारण प्रणालीको उदघाटन अवधि यो कुरा भन्नुभएको हो। श्री जोशीले भन्नुभयो, सरकारद्वारा गुनासो निवारण तन्त्रलाई सर्वोच्च प्राथमिकता दिँने गरिएको छ। उहाँले भन्नुभयो, पञ्जीकरणदेखि लिएर समाधान खोज्नसम्मको पूरा निवारण अनलाइन हुनेछ।
श्री जोशीले किसानलाई भरोसा दिलाउँदै भन्नुभयो, मिल मालिकहरूको सबै गुनासो समाधान पारदर्शी तरिकाले गरिनेछ। पोर्टलको विशेषताको बारेमा श्री जोशीले भन्नुभयो, उनीहरूले आफ्नो गुनासो यसमा दर्ता गर्नसक्नेछन् अनि सम्बन्धित अधिकारीबाट समयबद्ध र स्वचालित रूपमा समाधान प्राप्त गर्नसक्नेछन्।

--------------------------------------X--------------------------------------

Meeting at IPRD

सूचना एवं प्रसारण मन्त्रालयका लागि उत्तरपूर्वी क्षेत्रका महानिदेशक श्री K सतिश नम्बुदिरिपाद र सिक्किम सरकारको सूचना एवं जनसम्पर्क विभागकी सचिव श्रीमती अन्नापूर्ण आलेबीच एउटा बैठक बस्यो। तादोङस्थित विभागीय कार्यालयमा रहेको सचिवको च्याम्बरमा सबेको बैठकमा श्री नम्बुदिरिपादले यस क्षेत्रमा सञ्चार तथा मिडिया पहुँचको वर्तमान अवस्थाबारे संक्षीप्त जानकारी प्रदान गर्नुभयो। उहाँले सूचना एवं प्रशारण मन्त्रालयका विभिन्न एकाईहरू जस्तै दुरदर्शन केन्द्र, आकाशवाणी र Press Information Bureau-को भ्रमणमाथि कुरा गर्नुभयो, जसको उद्देश्य सिक्किममा मिडिया र सञ्चार गतिविधिको समीक्षा गर्नु हो।

बैठकपछि उहाँले विभागका विभिन्न शाखाको पनि भ्रमण गर्दै कर्मचारीहरूसित अन्तरक्रिया गर्नुभयो।

श्री K सतिश नम्बुदिरिपादले आज नै प्रेस क्लब अफ सिक्किमको पनि भ्रमण गर्नुभयो।

यस अवसरमा उहाँले प्रेस क्लब अफ सिक्किमका सदस्यहरूसित भेट गर्दै उनीहरूसित अन्तरक्रिया गर्ने क्रममा मन्त्रालयको कार्यप्रणालीबारे चर्चा गर्नुभयो।

---------------------------------------X---------------------------------------

DGNEZ

यसअघि, महानिदेशक श्री नम्बुदिरिपादले पाकिमस्थित सूनाखरीका लागि राष्ट्रिय अनुसन्धान केन्द्र, ICAR-को भ्रमण गर्नुभयो। पाँच दिवसीय सिक्किम भ्रमणमा रहनुभएका उहाँले सूनाखरी उद्योग र व्यावसायिक बजारमा यसको उत्पादकताबारे विस्तार चर्चा गर्दै वैज्ञानिकहरूसित कुराकानी गर्नुभयो। महानिदेशकले राज्यमा बिरुवाको प्रजाति र कर्मचारीहरूका निम्ति रहने तालिमको बारेमा पनि जानकारी लिनुभयो।

---------------------------------------X---------------------------------------

DLC  Meeting Mangan

सिक्किम इन्सपायर योजनाअन्तर्गत एकीकृत आर्थिक समावेशी कार्य योजनामाथि चर्चा गर्न आज मंगनको पेन्टोकस्थित जिल्लाधीशको च्याम्बरमा जिल्ला स्तरीय समितिको बैठक बस्यो।

मंगनका जिल्लाधीश एवं अध्यक्ष श्री अनन्त जैनको विशेष उपस्थितिमा बसेको बैठकमा अतिरिक्त जिल्लाधीश एवं सदस्य सचिव जिल्ला नोडल अधिकारी श्री काशीराज लिम्बू लगायत अन्यको उपस्थिति थियो।

यो पहल सिक्किम सरकार र विश्व ब्याङ्कबीच एउटा संयुक्त प्रयास हो, जसको उद्देश्य प्रमुख विकास र शासनमा देखापर्ने चुनौतीहरूको समाधान गर्दै महिला र युवावर्गका लागि आर्थिक अवसरमा वृद्धि गर्नु हो।

बैठकमा जिल्लाधीशले चुनौतीहरूको पहिचान गर्नका साथै क्षेत्रीय अभिसरणलाई प्राथमिकता दिएर जिल्लाको आर्थिक क्षमतालाई विस्तृत गर्नमा रहेको आवश्यकतामाथि जोड़ दिनुभयो।

---------------------------------------X---------------------------------------

Road Open

गेजिङ-बर्मेक निर्वाचन क्षेत्रअन्तर्गत फ्याङ खोलामा दशैं अघिदेखि बन्द अवस्थामा रहेको सडक मार्ग आज खोलिएको छ। यो सड़क मार्ग स्थानीय नागरिकहरूको अथक प्रयासमा खोलिएको हो। जनकार्य विभागअधिनस्त बर्फोकदेखि रुङ्दु हुँदै बर्थाङ, बर्मेक मार्तम आदि स्थानमा जाने सडक मार्ग फ्याङ खोला पुल छेउमा लामो समयदेखि बन्द रहेको थियो।

---------------------------------------X---------------------------------------

Run for Ayurveda

आयुर्वेद प्रवर्द्धनको दिशामा एक पहल अनि यसको स्वास्थ्य लाभमाथि जागरूकता बढाउन भारत सरकारको आयुष मन्त्रालयअन्तर्गत आयुर्वेदिक विज्ञानमा अनुसन्धानका लागि केन्द्रिय परिषदको क्षेत्रीय आयुर्वेद अनुसन्धान संस्थानले आज आयुर्वेदका निम्ति दौड़ आयोजन गऱ्यो। संस्थानका कर्मचारीहरूले उत्सुक्तापूर्वक भाग लिएको दौड़ बिहान सात बजीदेखि संस्थानको परिसरबाट शुरू भयो। प्रतिभागीहरूले नरबहादुर भण्डारी सरकारी महाविद्यालयको खेल मैदानमा पुगेर संस्थानको परिसरमा फर्किएपछि आफ्नो दौड़ पूरा गरे। यस पहलले मानिसहरूलाई आफ्नो दैनिक जीवनमा शारीरिक तन्दुरूस्तीलाई एकीकृत गर्दै स्वास्थ्य र कल्याणको समग्र दृष्टीकोणका रूपमा आयुर्वेदलाई अपनाउन प्रोत्साहित गरेको छ।

---------------------------------------X---------------------------------------